# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office


च.नं.: २०६/२०८२/०८३

मिति: २०८२/०९/२९

श्री निर्वाचन आयोग,

बहादुर भवन, कान्तिपथ, काठमाडौं ।

**विषय : आ.ब.२०८१/०८२ को लेखा परीक्षणको प्रतिवेदन सम्बन्धमा ।**

उपरोक्त विषयमा निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरुले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (संशोधन सहित) परिच्छेद-८ को दफा ४१(१) को प्रावधान बमोजिम प्रत्येक आर्थिक बर्षमा वार्षिक आय-व्ययको विबरण पेश गर्नु पर्ने प्रावधान अनुसार हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी एमाले (एकीकृत मार्क्सवादी-लेनिनवादी) केन्द्रीय कार्यालयको आर्थिक बर्ष २०८१/०८२ (१ श्रावण, २०८१ देखि ३२ आषाढ, २०८२ सम्म) को लेखापरीक्षण कार्य सम्पन्न भएको लेखा परीक्षकको राय सहितको प्रतिवेदन अनलाईन डिजिटल माध्यमबाट आन्तरिक राजश्व कार्यालय, कालीमाटीमा (स्थायी लेखा नंबर- ६१९७०८३६०) पेश गरि सो अनुसारको प्रतिवेदन यसैसाथ तहां प्रेषित गरिएको एवं उक्त प्रतिवेदन राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (संशोधन सहित) परिच्छेद-८ को दफा ४१(५) को प्रावधान अनुसार यस पार्टीको वेभ साईट-www.cpnuml.org मार्फत मिति २०८२/०९/२९ मा सार्वजनिक समेत गरिएको ब्यहोरा जानकारी गराउदछु ।

हार्दिक अभिवादन सहित,

(शंकर पोखरेल)
महासचिव
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
केन्द्रीय कमिटी

# नेपाल कम्युनिष्ट पार्टी
# (एकीकृत मार्क्सवादी-लेनिनवादी)
## केन्द्रीय कार्यालय, काठमाडौं

नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

# लेखा परीक्षणको प्रतिवेदन

**आर्थिक बर्ष २०८१-०८२**

**(२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२)**

**U.R.P. & Associates, Chartered Accountants**
365/82 Muni Bhairab Marga, Tinkune,
Ward No. 32, Kathmandu Metropolitan City,
Bagmati Province, Nepal 44600
T: +977 (1) 4111830, +977 (1) 4111900
E: contact@urpca.com
Website: www.urpca.com

**श्री नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी- लेनिनवादी)**
**तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर का**
**केन्द्रीय कमिटी समक्ष**
**बाह्य लेखापरीक्षकको प्रतिवेदन**

## वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित प्रतिवेदन

### 1.1. कैफियतसहितको राय

हामी यसैसाथ संलग्न श्री नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी- लेनिनवादी) (नेकपा (एमाले)) को केन्द्रीय कार्यालय, च्यासल, ललितपुरको आषाढ ३२, २०८२ (तदनुसार जुलाई १६, २०२५) को वित्तीय स्थितिको विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गर्न लेखापरीक्षकको रुपमा नियुक्त भएका छौं ।

हामीले पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टीकरणको आधारमा संलग्न वित्तीय विवरणले यस प्रतिवेदनको बुँदा १.२ को कारणले ती कागजातहरु साबुत रहेको भए लेखापरीक्षणको क्रममा अन्यथा पत्ता लागी पर्ने प्रभाव बाहेक श्री नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी- लेनिनवादी) को केन्द्रीय कार्यालय, च्यासल, ललितपुरको आषाढ ३२, २०८२ (तदनुसार जुलाई १६, २०२५) को वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको संलग्न वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीको बुँदा नं. २ मा उल्लेख भएको वित्तीय विवरण तयारीको आधारबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

### 1.2. राय व्यक्त गर्ने आधार

संलग्न वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीको बुँदा नं. २.१५ मा उल्लेख भए अनुसार २०८२ भाद्र २४ गतेको अवाञ्छित घटनाको कारणले यस पार्टीको खर्चहरुलाई पुष्टी गर्ने कागजातहरु नष्ट भएकाले व्यवस्थापनले दिएको समर्थनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

संलग्न वित्तीय विवरणको लेखापरीक्षण नेपालको लेखापरीक्षणमानको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमानहरु अनुरुपको हाम्रो जिम्मेवारी लेखापरीक्षकको जिम्मेवारी भन्ने अनुच्छेदमा थप व्याख्या गरिएको छ । आचारसंहिताको आवश्यकताका सम्बन्धमा हामी संलग्न वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा सम्बद्ध पार्टीको केन्द्रीय कमिटीभन्दा स्वतन्त्र छौं, तथा हामीले व्यवसायिक आचार संहिताको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

### 1.3. विषयवस्तुको जोड (Emphasis of Matter)

अनुच्छेद १.१ मा उल्लेख गरिएको हाम्रो रायमा प्रतिकूल प्रभाव नपर्ने गरी हामी प्रचलित राजनीतिक दलसम्बन्धी ऐनमा राजनीतिक दलले वित्तीय विवरण तयार गर्दा प्रयोग गर्ने लेखाको आधार र मानहरुको बारेमा स्पष्टता नरहेकोले प्रस्तुत

U.R.P. & Associates, Kathmandu, Nepal, Chartered Accountants

विवरण निर्माण गर्दा प्रचलनमा रहेका कुनै पनि लेखामानहरुको पालना नगरिएको र नेकपा (एमाले) केन्द्रीय कार्यालयले निर्धारण गरेको लेखा आधारमा वित्तीय विवरण तयार गरिएको सम्बन्धमा संलग्न वित्तीय विवरणको अनुसुची २.१ मा उल्लेख भएको व्यहोरातर्फ केन्द्रीय कमिटीको ध्यानाकर्षण गराउन चाहन्छौं ।

**1.4. अन्य व्यहोरा (Other Matter)**

अनुच्छेद १.१ मा उल्लेख गरिएको हाम्रो रायमा प्रतिकूल प्रभाव नपर्ने गरी हामी सामान तथा सेवा खरीद गर्दा सम्भव भएसम्म प्रचलित कर कानुनबमोजिम दर्ता भएका व्यक्ति तथा संस्थाहरुबाट खरीद गर्ने, र आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा कर कट्टी गर्नु पर्ने सम्बन्धी कानुनी व्यवस्थाको पूर्ण पालना गर्ने सम्बन्धमा केन्द्रीय कमिटीको ध्यानाकर्षण गराउन चाहन्छौं ।

**1.5. अन्य जानकारी (वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदनबाहेकको)**

वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदनबाहेकका अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदनबाहेकको अध्यक्षको प्रतिवेदन तथा प्रचलित सहकारी कानुन अन्तर्गत सञ्चालक समिति तथा लेखासुपरीवेक्षण समितिका प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरणमाथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारीहरु अध्ययन गरी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरु रहेको निचोड निस्किएमा त्यस्तो सारभूत असंगत तथ्यहरुको बारेमा शासकीय भूमिका वहन गर्नेहरु समक्ष सूचित गर्नेछौं ।

**1.6. वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितका हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी सहकारी नेकपा (एमाले)को व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा नेकपा (एमाले)को अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत नेकपा (एमाले)लाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द

U.R.P. & Associates Kathmandu, Nepal Chartered Accountants

गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ ।

शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

## 1.7. लेखापरीक्षकको जिम्मेवारी

समग्रमा वित्तीय विवरणहरु जलसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिब आश्वश्वता प्राप्त गर्नु (obtain reasobnable assurance) र लेखापरीक्षणको आधारमा हाम्रो रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्ने हाम्रो उद्देश्य रहेको छ । मनासिब आश्वासन उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूतरुपमा गलत वर्णन (material misstatement) भएको अवस्था, सधैं पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन । गलत वर्णन (misstatement) जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र एकल वा समष्टिमा, प्रयोगकर्ताहरुले यी वित्तीय विवरणहरुको आधारमा लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौं । यस क्रममा, हामीले,

(क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलजुल, जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत प्रतिनिधित्व (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिमभन्दा बढि हुन्छ ।

(ख) नेकपा (एमाले)को यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।

(ग) नेकपा (एमाले)को वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता (appropriatemess) र लेखा अनुमानहरुको व्यवहारिकता (reasonableness) तथा तीसँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं ।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा नेकपा (एमाले) अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि नेकपा (एमाले)को अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

U.R.P. & Associates Kathmandu, Nepal Chartered Accountants

क्रमशः

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौं ।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न नेकपा (एमाले)को वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरीलगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यस अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकताअनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

U.R.P. & Associates, Kathmandu, Nepal, Chartered Accountants

..............................
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार,
नि.
यु.आर.पी. एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउण्टेण्ट्स्

मितिः २०८२ मंसिर २६

युडिनः 260111CA00599T297E



U.R.P. & ASSOCIATES
CHARTERED ACCOUNTANTS

# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)

## केन्द्रिय कार्यालय

तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर

### वित्तीय स्थितिको विवरण (वासलात)

**२०८२ आषाढ ३२ गतेको**

| विवरण | अनुसूची | २०८२ आषाढ ३१ | २०८१ आषाढ ३१ |
|---|---|---|---|
| **पुँजीकोष र दायित्वहरू** | | | |
| **पुँजीकोष** | | **३१२,९४०,३९३.७३** | **२०७,८६६,८१०.४७** |
| विगत वर्षहरू को वचत | | २०७,८६६,८१०.४७ | १३४,९९९,००४.७७ |
| यस वर्षको वचत | | १०५,०७३,५८३.२६ | ७२,८६७,८०५.७० |
| **विशेष कोष** | | **१२६,४८४,८९७.४४** | **५६,६८७,५३५.४४** |
| कार्यकर्ता संरक्षण कोष | | १३,५३०,५६७.०० | १३,५३०,५६७.०० |
| विपद व्यवस्थापन कोष | | ३४,९३६,४८१.६९ | ३४,९३६,४८१.६९ |
| भवन निर्माण कोष | | ७७,५६२,०४८.७५ | ७,७६४,६८६.७५ |
| मदन आश्रित पत्रकारिता पुरस्कार कोष | | ४५५,८००.०० | ४५५,८००.०० |
| **अन्य दायित्वहरू** | | **३१०,७५०.००** | **१९७,७५०.००** |
| अन्य दायित्वहरू | | ३१०,७५०.०० | १९७,७५०.०० |
| **जम्मा पुँजीकोष र दायित्वहरू** | | **४३९,७३६,०४१.१७** | **२६४,७५२,०९५.९१** |
| **सम्पत्ति** | | | |
| **स्थिर सम्पत्ति** | ३ | **३२,२९२,१९२.१२** | **४३,०२४,७०८.१२** |
| **विविध सम्पत्ति** | | **२१९,३३६.३७** | **२१९,३३६.३७** |
| पेश्की | ४ | २१९,३३६.३७ | २१९,३३६.३७ |
| **लगानी** | | **२१०,०००,०००.००** | **१००,०००,०००.००** |
| मुद्दति निक्षेप | ५ | २१०,०००,०००.०० | १००,०००,०००.०० |
| **बैंक तथा नगद** | | **१९७,२२४,५१२.६८** | **१२१,५०८,०५१.४२** |
| बैंक मौज्दात | ६ | १९७,२१७,३९२.६८ | १२१,५०८,०५१.४२ |
| नगद मौज्दात | ६ | ७,१२०.०० | - |
| **जम्मा सम्पत्ति** | | **४३९,७३६,०४१.१७** | **२६४,७५२,०९५.९१** |
| लेखासँग सम्बन्धित नीति र टिप्पणीहरु | १ र २ | | |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स्,
चार्टर्ड एकाउण्टेण्ट्स्

U.R.P. & Associates, Kathmandu, Nepal, Chartered Accountants

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

# नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी)

केन्द्रिय कार्यालय

तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर

## आय-व्यय विवरण

**आर्थिक वर्ष २०८१/०८२(२०८१ श्रावण १ गते देखी २०८२ आषाढ मसान्तसम्म)**

| विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **आम्दानी** | | **१६४,८२७,५८२.७७** | **१४७,९०५,८०९.३९** |
| सदस्यता शुल्क | | ९३,३५३,८७७.२५ | ११५,४३०,४३७.८५ |
| लेबि | ७ | ६३,३६९,८३२.४० | १५,२६१,९५९.०० |
| विशेष आर्थिक सहयोग | ८ | १,०६३,१०८.०० | ६,२२४,५२०.५७ |
| प्रकाशन विक्री वितरण | ९ | ३८८,२९०.०० | ५९०,८८७.०० |
| सम्पत्ति परिचालन | १० | ६,४१७,४२५.१२ | ९,६३७,०४७.९७ |
| विशेष कार्यक्रम अभियान | ११ | ५०,०००.०० | - |
| अन्य आम्दानी | १२ | १८५,०५०.०० | ७६०,९५७.०० |
| **खर्च** | | **५९,७५३,९९९.५१** | **७५,०३८,००३.६९** |
| कर्मचारी पारिश्रमिक तथा कार्यकर्ता खर्च | १३ | ७,०२०,८६५.८४ | ७,१८२,६५२.०० |
| यातायात तथा भ्रमण खर्च | १४ | ३६८,४२५.०० | १,९७३,२०३.०० |
| सेवा खर्च | १५ | ६,३४१,१८३.२८ | ७,९६८,९९३.०९ |
| विविध सेवा खर्च | १६ | ५,७८९,१७४.०० | ४,८१३,३१८.०० |
| संचार तथा प्रचार–प्रसार खर्च | १७ | ५३२,९९४.०० | २,६५३,०६२.०० |
| मर्मतसंभार | १८ | १,९७७,८५२.०० | ३,९२०,९६२.०० |
| छपाइ तथा प्रकाशन खर्च | १९ | ४,०३६,५३८.०० | ७२९,९४०.०० |
| मसलन्द तथा कार्यालय सामान | २० | ५०१,३५६.०० | ७८५,०८६.०० |
| इन्धन खर्च | २१ | ६७१,३७५.३९ | १,४६३,४९३.६० |
| बैठक तथा अतिथि सत्कार खर्च | २२ | ३,९५९,९२४.०० | ७,५५९,५६८.०० |
| कार्यक्रम खर्च | २३ | ८,३८७,५६१.०० | ३,७१५,३७५.०० |
| अधिवेशन तथा विशेष खर्च | २४ | - | १६,११२,९२३.०० |
| निर्वाचन खर्च | २५ | - | - |
| भैपरी आउने तथा विविध खर्च | २६ | ५,०००,०००.०० | २१६,१५३.०० |
| गैह सञ्चालन खर्च | ३ | १५,१६६,७५१.०० | १५,९४३,२७५.०० |
| **बचत /(घाटा)** | | **१०५,०७३,५८३.२६** | **७२,८६७,८०५.७०** |

विष्णुप्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख,केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउन्टेन्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

# नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी)

## केन्द्रिय कार्यालय

तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर

## नगद - प्रवाह विवरण

### आर्थिक वर्ष २०८१/०८२(२०८१ श्रावण १ गते देखी २०८२ आषाढ मसान्तसम्म)

| शिर्षक | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **आम्दानी** | | |
| जम्मा नगद आम्दानी | १६४,८२७,५८२.७७ | १४७,९०५,८०९.३९ |
| घटाउनेः सम्पत्ति बिक्रीबाट प्राप्त रकम | - | (१,५३९,५४४.१६) |
| **भूक्तानी** | | |
| जम्मा नगद भूक्तानी | ४४,५८७,२४८.५१ | ५८,९८१,७२८.६९ |
| **भूक्तानी भन्दा प्राप्ति बढी/घटी (जम्मा प्राप्ति-जम्मा भूक्तानी)** | १२०,२४०,३३४.२६ | ८७,३८४,५३६.५४ |
| चालु सम्पतिमा परिवर्तन | - | २५,५१०.०० |
| चालु दायित्वमा परिवर्तन | ११३,०००.०० | - |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | **१२०,३५३,३३४.२६** | **८७,४१०,०४६.५४** |
| स्थिर सम्पति खरिद तथा बिक्रि | (४,४३४,२३५.००) | १,८२५,६००.०० |
| लगानीमा परिवर्तन | (११०,०००,०००.००) | - |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | **(११४,४३४,२३५.००)** | **१,८२५,६००.००** |
| कोषमा परिवर्तन | ६९,७९७,३६२.०० | ५,३६४,६८६.७५ |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | **६९,७९७,३६२.००** | **५,३६४,६८६.७५** |
| सम्पति मौज्दात(बैक तथा नगद श्रवण १, २०८०) | १२१,५०८,०५१.४२ | २६,९०७,७१८.१३ |
| **सम्पति मौज्दात(बैक तथा नगद अषाढ ३१, २०८१)** | **१९७,२२४,५१२.६८** | **१२१,५०८,०५१.४२** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख,केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

U.R.P. & Associates, Chartered Accountants, Kathmandu, Nepal

उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स्,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय कार्यालय

**२०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्षको वित्तीय विवरणहरुसँग सम्बन्धित टिप्पणीहरु:**

## १. दलसम्बन्धी परिचयको सारांश :

नेपाली समाजमा विद्यमान शोषण, उत्पीडन, गरिबी, अभाव, पछौटेपन र विभेद अन्त्य गर्ने नेपाल राष्ट्रलाई सुरक्षित सदृढ विकसित आधुनिक शान्तिपूर्ण समृद्ध र सुविधा सम्पन्न बनाउने सुशासन र न्यायपूर्ण सामाजिक प्रबन्ध स्थापित गर्ने लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने र नेपाली जनता तथा समस्त मानव जातिको बृहत्तर हित र सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले २००६ साल बैशाष १० तदनुसार २२ अप्रिल १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो।
नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र हितको रक्षा, जनतामा निहित सार्वभौमसत्ता र लोकतान्त्रिक प्रणालीका लागि सञ्चालित सामन्तवाद-साम्राज्यवादविरोधी सङ्घर्षका क्रममा विकसित हुँदै र फुट, विभाजन तथा एकताका अनेक उतार-चढाव एवं अनुभवहरु प्राप्त गर्दै अघि बढ्ने क्रममा यो पार्टी आज **नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी)** एमालेको रुपमा स्थापित छ।

**राजनीतिक दलको नाम** : नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी)

**छोटकरी नाम** : नेकपा (एमाले)

**केन्द्रिय निकाय** : केन्द्रीय कमिटी

**केन्द्रीय कार्यालय र ठेगाना** : काठमाडौं महानगरपालिका वडा नंबर-१४ बल्खु ,काठमाडौं।

**दल दर्ता** : राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४ बमोजिम निर्वाचन आयोग नेपालमा दर्ता नंबर-३२ मिति २०७८/०१/०३ मा दर्ता रहेको छ।

**स्थायी लेखा (PAN)नंबर** : ६१९७०८३६०/२०८०-०१-२० आन्तरिक राजश्व कार्यालय, कालिमाटी, काठमाडौं।

**दलको उद्देश्य :** सादा एवं नैतिक जीवन र कठोर संघर्षको आदर्शलाई अनुशरण गर्दै "समृद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय आकांक्षा पुरा गर्न समाजमा विद्यमान सबै प्रकारका अन्याय, अत्यचार र विभेदको समाप्ती तथा न्याय, स्वतन्त्रता समानता, सामाजिक सदभाव र राष्ट्रिय एकताको पक्षमा योगदान गर्ने नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी) एमालेको उदेश्य रहेको छ।

R.P. & Associates
Kathmandu, Nepal
Chartered Accountants

**२. अनुपालनको विवरण तथा लेखा विवरणहरु तयारीका आधारहरु :**

**२.१. अनुपालनाको विवरण**

राजनीतिक दल सम्बन्धी कानुनमा राजनीतिक दलले पालना गर्नुपर्ने लेखामानको बारेमा उल्लेख गरिएकोले प्रस्तुत वित्तीय विवरण तल उल्लेख गरिएका लेखा नीति र आधारमा तयार गरिएको छ ।

दलका वित्तीय विवरणहरु अविच्छिन्न सञ्चालन अवधारणा (Going Concern) को आधारमा तयार गरिएका छन् । प्रस्तुत वित्तीय विवरणले नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी) को केन्द्रीय कार्यालयबाट भएको कारोबारको चित्रण गर्दछ ।

यस दलसँग आबद्ध भातृसंगठनहरु राजनैतिक रुपमा पार्टीसँग आबद्ध भएपनि सांगठनिक एवं आर्थिक रुपमा स्वतन्त्र हुने र आफ्नै विधान र निति अनुरुप परिचालित हुने स्वतन्त्र संस्थाहरु भएकोले त्यस्ता संस्थाहरुको वित्तीय बिबरण यस बिबरणमा समावेस गरिएको छैन ।

**२.२. वित्तीय विवरणमाथि पार्टीको उत्तरदायित्व**

राजनीतिक दल सम्बन्धी कानुनमा वित्तीय विवरण तयार गर्ने उत्तरदायित्वको बारेमा स्पष्ट उल्लेख नभए पनि प्रचलित अभ्यास अनुसार वित्तीय विवरण तयार गर्ने उत्तरदायित्व राजनीतिक दलको उच्च नेतृत्व र व्यवस्थापनको हुन्छ । यस्तो उत्तरदायित्वको बारेमा उच्च नेतृत्व र व्यवस्थापन जानकार छ ।

**२.३. Accounting Convention:**

सस्थाका वित्तीय विवरणहरु ऐतिहासिक लागत (Historical Cost) अवधारणाको आधारमा तयार गरिएका छन् ।

ऐतिहासिक लागत भन्नाले सामान किनबेच वा सेवा प्रदानमा भएको उचित मूल्य दर्शाउछ ।

**२.४. प्रस्तुतीकरण:**

दशमलव पछिका दुई अंकहरुलाई प्रस्तुत गरी अन्य अंकहरुलाई नजिकको पैसामा समायोजन गरी वित्तीय विवरणहरु नेपाली रुपैंयामा (Nepalese Rupees, NPR) मा प्रस्तुत गरिएको छ । तुलना गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार विगत वर्षको अंकहरुलाई खुलासासहित पुनः वर्गीकरण गरिएको छ ।

सस्थाको वित्तीय विवरणहरु प्रस्तुत गर्दा स्थायित्व (Permanency) को आधारमा गरिएको छ । आय व्यय विवरणमा खर्च र आम्दानीको प्रकृति (Classification by Nature) को आधारमा तयार गरिएको छ । नगद प्रवाह विवरण प्रत्यक्ष विधिको प्रयोग गरी तयार गरिएको छ ।

**२.५. लेखा अवधि:**

सस्थाले आफ्नो वित्तीय विवरण आर्थिक वर्ष अनुसार तयार गर्ने गरेको छ ।

**२.६. प्रस्तुतीकरण मुद्रा (Presentation Currency):**

सस्थाका वित्तीय विवरणहरु चलनचल्तीको कारोवार मुद्रा (नेपाली रुपैया) मा प्रस्तुत गरिएको छ ।

**२०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्षको वित्तीय विवरणहरुसँग सम्बन्धित टिप्पणीहरु (निरन्तर)**

**प्रमुख लेखा नीति**

**२.७. अदृश्य सम्पत्तिः**

निश्चित प्रयोग अवधि भएका अदृश्य सम्पत्तिहरुलाई प्राप्त हुँदाको मूल्य (Acquisition Cost) बाट सञ्चित परिशोधित मूल्य (Accumulated Amortized Cost) तथा सञ्चित क्षति (Accumulated Impairment Loss) घटाएर निर्धारण गरिएको छ ।

सम्पत्तिको प्रयोग योग्य जीवन अवधि र परिशोधन (Amortisation) विधि दलले हरेक वर्ष पुनरावलोकन गर्ने गरेको छ । सम्पत्तिको अपेक्षित प्रयोगावधि तथा सम्पत्तिबाट भविष्यमा हुने आर्थिक लाभको उपभोगलाई औंल्याइएको र सोही अनुसार नै लेखा अनुमानहरुमा पनि परिवर्तन गरिएको छ ।

**२.८. स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिलाई तिनीहरुको सम्पूर्ण खर्चबाट सञ्चित ह्रास तथा सञ्चित क्षति घटाई आएको लागत मूल्य दलको वित्तीय स्थितिको विवरणमा देखाइएको छ । दलको आफ्नो नियन्त्रणमा भएको र भविष्यमा दललाई आर्थिक लाभ प्रदान गर्ने प्रबल सम्भावना भएका तथा लागत मुल्यलाई सजिलै मापन गर्न सकिने सम्पत्तिहरुको पहिचान गरि लेखांकन गरिएको छ ।

खरिद मूल्यको अलावा सम्पत्तिहरुलाई तिनीहरुको स्थानसम्म पुऱ्याउन र वास्तविक ढंगमा सञ्चालन क्षमतायोग्य बनाउन लागेका खर्चहरुलाई सम्पत्तिको मुल्यमा नै समाहित गरिएको छ ।

विस्थापित भएका, मर्मत गरी सञ्चालन गर्न नसकिने गरि बिग्रिएका तथा मूल्य नगन्य भइ प्रयोगमा सम्पत्तिहरुलाई पहिचान भएको अवधिबाटै दलको सम्पत्ति शिर्षकबाट हटाइएको छ । स्थिर सम्पत्तिहरुको कुनै इकाइको निसर्ग मुल्य र तिनीहरुको किताबी मूल्यबीचको फरक मूल्यलाई त्यस्ता सम्पत्तिहरु विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानी दलको आय व्यय विवरणमा देखाईएको छ ।

**ह्रास कट्टीः**

जग्गा जमिन बाहेका अन्य सम्पत्तिहरुलाई तिनीहरुको प्रयोगयोग्य अवधि अनुसार घट्दो ह्रास मूल्यको आधारमा ह्रास कट्टी गरिएको छ । बाँकी मूल्य, सम्पत्तिको प्रयोगयोग्य अवधि र ह्रासकट्टी विधिहरुलाई हरेक आर्थिक वर्षको अन्त्यमा पुनरावलोकन गरिएको छ ।

फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जाहरु जडित प्लाण्ट र उपकरणहरुको हकमा त्यस्ता पार्टपुर्जाहरुको आ-आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ ।

**मान्यताको खारेजीः**

स्थिर सम्पत्तिको कुनै एकाइ को खुद निसर्ग मूल्य र तिनीहरुको किताबी मूल्यबीचको फरक मूल्यलाई त्यस्ता सम्पत्तिहरु विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानिएको छ ।

**२.८.१. ह्रास दरः**

सम्पत्तिको प्रयोगयोग्य अवधिलाई वर्गिकरण गरि घट्दो ह्रासकट्टी विधि (Written down value method) अनुसार गरिने ह्रासकट्टी दर निम्नानुसार छः

U.P. & Associates
Kathmandu, Nepal
Chartered Accountants

| सम्पत्ति | ह्रासकट्टी दर (प्रतिशतमा) |
|---|---|
| कम्प्युटर | २५ |
| फर्निचर तथा फिक्चर | २५ |
| कार्यालय उपकरण | २५ |
| सवारी साधन | २० |
| प्लाण्ट एण्ड मेशिनरी | १५ |
| अन्य सम्पत्ति | १५ |

पूँजीगत निर्माण खर्चको हकमा ५ वर्ष अवधिलाई आधारमानी समानदरमा ह्रास कट्टी गरिएको छ ।

## २.९. सम्पत्तिहरु:

### २.९.१. नगद तथा नगद सरह (Cash and Cash Equivalent)

नगद र नगद सरहका सम्पत्तिहरुको नगदमा परिणत हुने अवधि लगानी मितिदेखि तीन महिनाभन्दा कम हुन्छ र यसले अल्पकालीन तरलताको आवश्यकतालाई पूरा गर्दछ ।

नगद र नगद सरहका सम्पत्तिहरुमा जोखिमरहित कल निक्षेपहरु र तुरुन्त नगदमा परिवर्तन गर्न सकिने अधिकतम तरल लगानीहरु रहेका छन् । नगद तथा चेकहरु पनि यस अन्तर्गत पर्दछन् ।

### २.९.२. अन्य सम्पत्ति

अन्य सम्पत्तिलाई ऐतिहासिक लागतमा मूल्यांकन गरिएको छ ।

## २.१०. दायित्व

दायित्वलाई ऐतिहासिक लागतमा मूल्यांकन गरिएको छ ।

## २.११. कोषहरु

यस पार्टीको आठौं महाधिवेशनले निर्णय गरे अनुसार कार्यकर्ता संरक्षण कोष खडा गरिएकोमा सो कोषमा यस वर्ष कुनै थपघट भएको छैन । त्यस्तै, पार्टीले विपद् व्यवस्थापन कोष, भवन निर्माण कोष र मदन आश्रित पत्रकारिता पुरस्कार कोष खडा गरेको छ । यस्ता कोषहरुबाट यस वर्ष कुनै खर्च भएको छैन भने भवन निर्माण कोषमा रकम रु. ५३,६४,६८६.७५ थप हुन आएको छ । यस्तो रकम कार्यकर्ताबाट संकलन गरिएको हो ।

## २.१२. आम्दानीको लेखांकन (Revenue Recognition)

दलको आम्दानीमा सदस्यहरुबाट प्राप्त आम्दानी, ब्याज आम्दानी, सहयोग तथा अन्य आम्दानीहरु पर्दछन् । सबै आम्दानीहरुलाई नगद आधारमा **(cash basis)** लेखाङ्कन गर्ने गरिएको छ ।

नगद बाहेक बस्तुगत जिन्सी प्राप्त भएमा सो जिन्सीको तत्काल बजारमोल कायमगरी सो अनुसारको रकम प्राप्त भएको मानी आम्दानी लेखाङ्कन गर्ने पार्टीको नीति रहेकोले सोही अनुसार गरिएको छ ।

U.R.P. & Associates, Kathmandu, Nepal, Chartered Accountants

**२.१३. खर्चको लेखांकन**

दलले आफ्ना लेखापरीक्षण खर्च बाहेकका सबै खर्चहरु नगद भुक्तानीको आधारमा **(cash basis)** लेखाङ्कन गर्ने गरेको छ । लेखापरीक्षण खर्चलाई प्रोद्भावी आधारमा लेखाङ्कन गर्ने गरेको छ ।

**२.१४. आयकर व्यवस्था नीति**

आयकर ऐन, २०५८ को दफा २ (ध) बमोजिम निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल "छुट प्राप्त संस्था" हुने र नेकपा (एमाले) निर्वाचन आयोगमा दर्ता भएकाले छुट प्राप्त संस्था भएको र यस वर्ष आयकर ऐन, २०५८ को दफा १० (छ) बमोजिम प्राप्त गरेको आम्दानी बाहेकको अन्य आम्दानीमा करयोग्य आय नभएकाले आयकर व्यवस्था गरिएको छैन ।

**२.१५. वित्तीय प्रतिवेदन अवधि पछिको घटना**

नेपालमा २०८२ भाद्र २४ गते भएको अवाञ्छित घटनाको कारण यस पार्टीको केन्द्रीय कार्यालय जलाएर नष्ट गरिएकोले यस वित्तीय विवरणमा उल्लेख भएका स्थिर सम्पत्तिमा पूर्ण रुपमा क्षति भएको छ, यस्तो क्षति वित्तीय प्रतिवेदनको मितिमा नभएकाले यो समायोजन नहुने घटना भएकाले यस वित्तीय विवरण यसको प्रभाव दिइएको छैन ।

उक्त घटनाको कारण यस वित्तीय विवरणसँग सम्बन्धित खर्चहरुको बील तथा भौचरहरु जलेर नष्ट भएको छ । तसर्थ, खर्चहरुलाई समर्थन गर्ने कुनै कागज छैन ।

२.१६. गत आर्थिक वर्षका रकमहरु आवश्यकता अनुसार पुन: वर्गिकरण गरिएको छ ।

U.R.P. & Associates Kathmandu, Nepal Chartered Accountants

# नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी)

केन्द्रिय कायालय

## सम्पति तथा ह्रास कट्टी विवरण(गैह्र सञ्चालन खर्च)

## २०८२ आषाढ ३२ गतेको

## अनुसूची ३: स्थिर सम्पत्ति

नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

| सम्पत्ति | ह्रास कट्टी दर | वर्षको सुरुको सम्पत्ति | यो वर्षको खरिद | यो वर्षको बिक्रि | जम्मा ह्रास आधार | ह्रास कट्टी | वर्षको अन्तिमको सम्पत्ति |
|---|---|---|---|---|---|---|---|
| जग्गा | ०% | ७,०८०,२५६.५० | - | - | ७,०८०,२५६.५० | - | ७,०८०,२५६.५० |
| भवन | ५% | - | - | - | - | - | - |
| उपकरण तथा यन्त्र | २५% | ५,४४०,३२२.६० | ३१५,७३५.०० | - | ५,७५६,०५७.६० | १,३६०,०८०.७० | ४,३९५,९७६.९० |
| फर्निचर तथा फर्निसिङ | २५% | ५,७८१,५७७.०२ | ११८,५००.०० | - | ५,९००,०७७.०२ | १,४४५,३९४.३० | ४,४५४,६८२.७२ |
| सवारी साधन | २०% | - | ४,०००,०००.०० | - | ४,०००,०००.०० | - | ४,०००,०००.०० |
| सफ्टवेयर तथा अन्य | २०% | - | - | - | - | - | - |
| अन्य निर्माण | | २४,७२२,५५२.०० | - | - | २४,७२२,५५२.०० | १२,३६१,२७६.०० | १२,३६१,२७६.०० |
| जम्मा | | ४३,०२४,७०८.१२ | ४,४३४,२३५.०० | - | ४७,४५८,९४३.१२ | १५,१६६,७५१.०० | ३२,२९२,१९२.१२ |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

U.R.P. & Associates, Kathmandu, Chartered Accountants

उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स्,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

## नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

## आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

### अनुसूची ४- विविध सम्पति

| शिर्षक | २०८२ असार मसान्त | २०८१ असार मसान्त |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| पेश्की | २१९,३३६.३७ | २१९,३३६.३७ |
| **जम्मा** | **२१९,३३६.३७** | **२१९,३३६.३७** |

### अनुसूची ५- लगानी

| शिर्षक | २०८२ असार मसान्त | २०८१ असार मसान्त |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| मुद्दति निक्षेप | २१०,०००,०००.०० | १००,०००,०००.०० |
| **जम्मा** | **२१०,०००,०००.००** | **१००,०००,०००.००** |

### अनुसूची ६- बैक तथा नगद

| शिर्षक | २०८२ असार मसान्त | २०८१ असार मसान्त |
|---|---|---|
| बैक मौज्दात | १९७,२१७,३९२.६८ | १२१,५०८,०५१.४२ |
| नगद | ७,१२०.०० | - |
| **जम्मा** | **१९७,२२४,५१२.६८** | **१२१,५०८,०५१.४२** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं प्रमुख,केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स्,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी-लेनिनवादी) केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

# नेपाल कम्युनिष्ट पार्टी(एकीकृत मार्क्सवादी–लेनिनवादी)

केन्द्रिय कार्यालय

काठमाडौं

**अनुसूची ५ र ६ सँग सम्बन्धित**

**बैंक समायोजन विवरण**

| क.सं. | बैंकको नाम | खाताको प्रकार | खाताको नम्बर | आर्थिक वर्ष २०८१-८२ (रकम रु.) | |
|---|---|---|---|---|---|
| | | | | स्रेस्ता अनुसार | स्टेटमेन्ट अनुसार |
| १ | नेपाल ईन्भष्टमेण्ट मेघा बैंक लि. | कल डिपोजिट | १४१०२०१००००५३६ | १,०००.०० | १,०००.०० |
| २ | नेपाल ईन्भष्टमेण्ट मेघा बैंक लि. | चल्ती | १४१०१०५००११९९० | २९७,७२०.१६ | २९७,७२०.१६ |
| ३ | कृषि विकास बैंक लि. | चल्ती | ०२१०३००१६५९९६०१८ | १७,९३९,८१०.६८ | १७,९३९,८१०.६८ |
| ४ | हिमालयन बैंक लि. | चल्ती | ०१९००१६३३७००१२ | ३२६,९४२.१९ | ३२६,९४२.१९ |
| ५ | नबिल बैंक लि. | चल्ती | ३८०१०१७५००२४५ | ३३८.५९ | ३३८.५९ |
| ६ | नबिल बैंक लि. | कर्पोरेट जनरल | ०११००१०८८०७०१ | १४२,८६१.१३ | १४२,८६१.१३ |
| ७ | नवयुग ब.सहकारी संस्था लि. | अनिवार्य बचत | १५-००३५३-७ | २२०,५२६.५० | २२०,५२६.५० |
| ८ | नवयुग सहकारी सस्था लि. | जनरल बचत | १८-००१७४-१ | ४,१९६,६९८.१४ | ४,१९६,६९८.१४ |
| ९ | नेपाल बैंक लि. | चल्ती | २००१००५०८२८९००००१ | १,०७२,१९४.१६ | १,०७२,१९४.१६ |
| १० | राष्ट्रिय बाणिज्य बैंक | चल्ती | १७००१००००११५९००१ | ७७,४८१,३१९.८७ | ७७,५०६,३१९.८७ |
| ११ | राष्ट्रिय बाणिज्य बैंक | चल्ती | १७००१००००१४९५००१ | ९५,५३७,९८१.२६ | ९६,६९१,१३३.२६ |
| | क)बैकको कूल जम्मा | | | १९७,२१७,३९२.६८ | १९८,३९५,५४४.६८ |
| | भुक्तानी हुन बाँकी चेक रकम | | | | (१,१७८,१५२.००) |
| | मुद्दती निक्षेप | | | **१९७,२१७,३९२.६८** | **१९७,२१७,३९२.६८** |
| १२ | नेपाल बैंक लि. | | | ६०,०००,०००.०० | ६०,०००,०००.०० |
| १३ | राष्ट्रिय बाणिज्य बैंक | | | १५०,०००,०००.०० | १५०,०००,०००.०० |
| | **कूल जम्मा** | | | **४०७,२१७,३९२.६८** | **४०७,२१७,३९२.६८** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं प्रमुख,केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

## नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

## आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

### अनुसूची-७: ले.वी.

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| सदस्य | ४५,४१८,९२७.०० | ३,९२६,४७४.०० |
| जनप्रतिनिधि | १०,९९२,०००.०० | ११,२३२,०००.०० |
| कमिटीगत लेवी | ६,८९८,११०.४० | - |
| अन्य लेबि | ६०,७९५.०० | १०३,४८५.०० |
| जम्मा | **६३,३६९,८३२.४०** | **१५,२६१,९५९.००** |

### अनुसूची-८: विशेष आर्थिक सहयोग

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| चन्दा सहयोग | - | |
| भवन तथा अन्य निर्माण सहयोग | - | - |
| अन्य विशेष सहयोग | १,०६३,१०८.०० | ६,२२४,५२०.५७ |
| जम्मा | **१,०६३,१०८.००** | **६,२२४,५२०.५७** |

### अनुसूची-९: प्रकाशन बिक्री वितरण

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| नवयुग/मुखपत्र आय | - | - |
| अन्य प्रकाशन आय | ३८८,२९०.०० | ५९०,८८७.०० |
| जम्मा | **३८८,२९०.००** | **५९०,८८७.००** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स्,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

# नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

## आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

### अनुसूची-१०: सम्पत्ति परिचालन

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| ब्याज | ६,१०९,४२५.१२ | ८,०९७,५०३.८१ |
| पत्रु बिक्री | ३०८,०००.०० | १,५३९,५४४.१६ |
| अन्य | - | - |
| **जम्मा** | **६,४१७,४२५.१२** | **९,६३७,०४७.९७** |

### अनुसूची-११: विशेष कार्यक्रम / अभियान

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| अन्य कार्यक्रम शुल्क | ५०,०००.०० | - |
| **जम्मा** | **५०,०००.००** | **-** |

### अनुसूची-१२: अन्य आम्दानी

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| निर्वाचन( आन्तरिक) | १८५,०५०.०० | - |
| अन्य | - | ७६०,९५७.०० |
| **जम्मा** | **१८५,०५०.००** | **७६०,९५७.००** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स्,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

# नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

## आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

### अनुसूची-१३: कर्मचारी पारीश्रमिक तथा कार्यकर्ता खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| कर्मचारी पारिश्रमिक तथा अन्य खर्च | ३,५४१,३०५.०९ | ३,१५३,५०७.०० |
| पार्टी कार्यकर्ता खर्च | ३,४७९,५६०.७५ | ४,०२९,१४५.०० |
| **जम्मा** | **७,०२०,८६५.८४** | **७,१८२,६५२.००** |

### अनुसूची-१४: यातायात तथा भ्रमण खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| विदेश | ६८,०००.०० | ७०,४००.०० |
| स्वदेश | ३००,४२५.०० | १,९०२,८०३.०० |
| **जम्मा** | **३६८,४२५.००** | **१,९७३,२०३.००** |

### अनुसूची-१५: सेवा खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| पुस्तक तथा पत्र-पत्रिका | ४,०५०.०० | - |
| सवारी साधन दर्ता तथा नविकरण | ४०,८१३.०० | २०१,५६२.०० |
| सवारी साधन बिमा | १४,०४२.०० | २३,०९५.०० |
| बिजुली खर्च | ३२२,७८८.२८ | ७६८,२२३.०० |
| खानेपानी खरिद तथा महसूल | १६४,४४७.०० | १९३,४८५.०० |
| कार्यालय संचालन खर्च | ४,८९३,२९५.०० | ५,६००,०००.०० |
| बैंक ब्याज कर | ८८६,३७८.१४ | १,१५०,२८०.५७ |
| बैक कमिसन तथा शुल्क | ६२९.८६ | ३२,३४७.५२ |
| **जम्मा** | **६,३४१,१८३.२८** | **७,९६८,९९३.०९** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,
उमेशराज पण्डिय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

## नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

### आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

#### अनुसूची-१६: विविध सेवा खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| सरसफाइ तथा फोहर व्यवस्थापन | १,०९५,७१८.०० | ६४३,४३०.०० |
| सुचना प्रविधि | ८८५,६९१.०० | ३,५५७,२२८.०० |
| सफ्टवेयर प्रणाली | २,७७९,८००.०० | - |
| बगैंचा तथा सो सम्बन्धी खर्च | ४२९,४५०.०० | ४९९,६६०.०० |
| अन्य सेवा तथा परामर्श खर्च | ४८५,५१५.०० | - |
| लेखा परीक्षण शुल्क | ११३,०००.०० | ११३,०००.०० |
| **जम्मा** | **५,७८९,१७४.००** | **४,८१३,३१८.००** |

#### अनुसूची-१७: सञ्चार तथा प्रचार प्रसार खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| प्रचारप्रसार | ७४,५३९.०० | २,१६१,१२५.०० |
| टेलिफोन तथा मोवाइल | ९७,५८०.०० | ८१,५००.०० |
| इन्टरनेट | ४६,०००.०० | - |
| एसएमएस | ३१४,८७५.०० | ४१०,४३७.०० |
| **जम्मा** | **५३२,९९४.००** | **२,६५३,०६२.००** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख,केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स्,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

## नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

## आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

### अनुसूची-१८: मर्मत सम्भार

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| भवन (लिजहोल्ड खर्च) | ११०,०४५.०० | ३,१२९,३७५.०० |
| मेसिनरी उपकरण | १३१,०००.०० | १७,३००.०० |
| फर्निचर | १५३,२२०.०० | २९,४५०.०० |
| सवारी साधन | १,०८५,३३२.०० | ६१२,३६२.०० |
| अन्य मर्मत सम्भार खर्च | ४९८,२५५.०० | १३२,४७५.०० |
| **जम्मा** | **१,९७७,८५२.००** | **३,९२०,९६२.००** |

### अनुसूची-१९: छपाई तथा प्रकाशन खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| नवयुग/ मुखपत्र | - | ६६९,२९०.०० |
| अन्य छपाई तथा प्रकाशन | ४,०३६,५३८.०० | ६०,६५०.०० |
| **जम्मा** | **४,०३६,५३८.००** | **७२९,९४०.००** |

### अनुसूची-२०: मसलन्द तथा कार्यालय सामान खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| मसलन्द तथा कार्यालय सामान | ५०१,३५६.०० | ७८५,०८६.०० |
| **जम्मा** | **५०१,३५६.००** | **७८५,०८६.००** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,
उमेशराज पाण्डेय, एफसीए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

# नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

## आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

### अनुसूची-२१: ईन्धन खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| सवारी साधन | ६७१,३७५.३९ | १,४६३,४९३.६० |
| अन्य | - | - |
| **जम्मा** | **६७१,३७५.३९** | **१,४६३,४९३.६०** |

### अनुसूची-२२: बैठक तथा अतिथी सत्कार खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| बैठक (चिया खाजा) | २,६५७,१२०.०० | ६,९६५,८४५.०० |
| अतिथि सत्कार | १,३०२,८०४.०० | ५९३,७२३.०० |
| **जम्मा** | **३,९५९,९२४.००** | **७,५५९,५६८.००** |

### अनुसूची-२३: कार्यक्रम खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| प्रशिक्षण तथा गोष्ठी | ७,८८३,५६१.०० | ७०,२५०.०० |
| सभा–समारोह तथा भेला | - | २,६५७,१७०.०० |
| अन्य कार्यक्रम खर्च | ५०४,०००.०० | ९८७,९५५.०० |
| **जम्मा** | **८,३८७,५६१.००** | **३,७१५,३७५.००** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

## नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय

### आर्थिक वर्ष २०८१/०८२ को वित्तिय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु

#### अनुसूची-२४: अधिवेशन तथा विशेष खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| महाधिवेशन/अधिवेशन प्रतिनिधि परिषद | - | १६,११२,९२३.०० |
| **जम्मा** | **-** | **१६,११२,९२३.००** |

#### अनुसूची-२५: निर्वाचन खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| आन्तरिक निर्वाचन | - | - |
| संसदीय/स्थानीय निर्वाचन | - | - |
| **जम्मा** | **-** | **-** |

#### अनुसूची-२६: भैपरी आउने तथा विविध खर्च

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| | जम्मा रु. | जम्मा रु. |
| भैपरी आउने तथा विविध खर्च (प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष) | ५,०००,०००.०० | २१६,१५३.०० |
| **जम्मा** | **५,०००,०००.००** | **२१६,१५३.००** |

विष्णु प्रसाद रिमाल
उपमहासचिव एवं
प्रमुख, केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभाग
नेकपा (एमाले) केन्द्रिय कमिटी

शंकर पोखरेल
महासचिव
नेकपा (एमाले) केन्द्रिय कमिटी

केपी शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय कमिटी

राजेन्द्र कुमार श्रेष्ठ
लेखा प्रमुख
नेकपा (एमाले) केन्द्रिय कार्यालय

डा. पुष्पराज कँडेल
अध्यक्ष
नेकपा (एमाले) केन्द्रिय लेखा आयोग

हाम्रो संलग्न प्रतिवेदनको आधारमा,
उमेशराज पाण्डेय, एफसिए
प्रबन्ध साझेदार
यु.आर.पी. एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउण्टेण्ट्स्

मिति :-२०८२ मङ्सीर २२

स्थान :- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), केन्द्रीय कार्यालय, च्यासल, ललितपुर

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय कालीमाटी

(आयकर नियमावली,२०५९ को नियम २६ सँग सम्बन्धित )

प.सं: २०८२.०८३
च.नं. 2266

कर चुक्ता नं. ८२५८५२७७२

यो पत्र मिति २०८२.०९.२९ मा तयार भएको छ।
प्रिन्ट मिति: २०८२.०९.२९

## बिषय : कर चुक्ता प्रमाण पत्र ।

श्री नेपाल कम्युनिष्ट पार्टी (एमाले)
१४- काठमाडौं,
स्थायी लेखा नं : ६ १९७०८३६ ०

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपाईं ले आ.व २०८१.०८२ मा देहाय बमोजिमको आय रकमको आय विवरण मिति २०८२.०९.२९ मा यस कार्यालयमा पेश गरी सो अनुसार देहाय बमोजिमको आयकर दाखिला गरेकोले यो कर चुक्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

| आय विवरण पेश गरेको मिति | जम्मा आय (कारोबार) रकम रू. | कर योग्य आय रू. | दाखिला गरेको कर रकम रू. |
|---|---|---|---|
| २०८२.०९.२९ | १५८,७१८,१५७.०० | ९८,९६४,१५८.०० | ०.०० |

2082/09/29
सुयाम पोखरेल
(कर अधिकृत)

पुनश्च:
- यो प्रमाणपत्र त्यस फर्म/ उद्योग कम्पनी / संस्थाले पेश गरेको विवरणको आधारमा जारी गरिएको छ । पेश भएको आय विवरण छानबिनमा परेमा आयकर ऐन, २०५८ को दफा १०१बमोजिम संशोधित कर निर्धारण हुन सक्ने जानकारी गराईन्छ ।
- यो कर चुक्ताको प्रमाण-पत्र विभागको वेभ साइट www.ird.gov.np मा कर चुक्ता रूजु वा Tax Clear.Search मा गएर रूजु गरी यकिन गर्न सकिने छ।